## नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

### बागमती प्रदेश, काठमाडौँ जिल्ला, गोकर्णेश्वर नगरपालिकामा प्रस्तावित बागमती नदी देखि सुन्दरीजल पानी प्रशोधन केन्द्रसम्म HDPE पाइप विछयाउने आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनमा राय सुझावको लागि आह्वान गरिएको

## सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३।०३।०९**

श्री काठमाडौँ उपत्यका खानेपानी लिमिटेड, सुन्दरीजल पानी प्रशोधन शाखा प्रस्तावक बागमती नदी देखि सुन्दरीजल पानी प्रशोधान केन्द्र सम्मको ५८० मिटर दुरीमा ५०० मि.मि. व्यास भएको HDPE पाइप विछयाउने कार्यको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा थप राय सुझाव संकलनका लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावित आयोजना शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज भित्रको केही भाग र केही भाग मध्यवर्ती क्षेत्रमा कार्यान्वयन गर्न लागिएको हो। आयोजनाले शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने बागमती नदीको पानीलाई असार महिना देखि असोज महिनासम्म पानीलाई इन्टेक मार्फत एकीकृत गरी ५०० मि.मि. को HDPE पाइप ६५ मिटर निकुञ्ज क्षेत्र भित्र खुल्ला रूपमा, १५० मिटर निकुञ्ज बाहिरको क्षेत्रमा सडक छेउ जमिनमुनि र बाँकी ३६५ मिटर खुल्ला अवस्थामा राखी कुल ५८० मिटर पाइप बिछयाई सुन्दरीजल पानी प्रशोधन केन्द्र सम्म ल्याउने प्रस्ताव गरेको छ।

वातावरण संरक्षण नियमावली २०७७ को नियम ९ (६) बमोजिम यस प्रतिवेदनमा राय सुझाव दिनका लागि सर्वसाधारणले प्रतिवेदन पढ्न वा उतार गर्न मिल्ने व्यवस्था रहेकोले यो प्रतिवेदन निम्न स्थानहरूमा तथा यस मन्त्रालयको वेबसाइट www.mofe.gov.np मा समेत सार्वजनिक गरिएको छ। प्रतिवेदनमा उपयुक्त राय सुझाव प्राप्त भएमा यस मन्त्रालयले उक्त प्रस्ताव कार्यान्वयनका लागि स्वीकृति दिनेक्रममा त्यस्ता राय सुझावहरूलाई समेत ध्यानमा राख्नेछ। उक्त प्रतिवेदनका सम्बन्धमा सर्वसाधारण व्यक्ति वा संस्थाको कुनै राय सुझाव भए यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र आफ्नो राय सुझाव लिखित रूपमा निम्न ठेगानामा पठाइ दिनुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

**प्रतिवेदन अध्ययन वा उतार गर्न सकिने स्थानहरू**

- श्री पूर्वाधार विकास मन्त्रालय, सिंहदरबार, काठमाडौँ।
- श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौँ।
- श्री आदिवासी तथा जनजाति महासंघ नेपाल, सिनामङ्गल, काठमाडौँ।
- श्री पुस्तकालय, संसद् सचिवालय सिंहदरबार काठमाडौँ।
- श्री जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौँ।
- श्री गोकर्णेश्वर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, जोरपाटी, काठमाडौँ।

**राय सुझाव पठाउने ठेगाना**

कृषि, वन तथा पर्यावरण मन्त्रालय, वातावरण प्रभाव अध्ययन शाखा, सिंहदरबार काठमाडौँ। फो.नं.,०१-४२११५६७, ४२११९४६ फ्याक्स नं. ०१-४२११८६८, इमेल : info@mofe.gov.np